# विषयसूची


भाग -१: प्रतिष्ठानको रणनीतिक अवधारणा २

१.१: सशक्तिकरण उन्मुख रणनीति तथा सहकार्यका अवधारणाहरू २

भाग - २: प्रतिष्ठानको संगठनात्मक व्यवस्था ३

२.१: संस्थागत संरचनाहरू ३

२.२: प्रदेशस्तरीय संगठन ३

२.२.१: प्रदेश सम्बन्धी व्यवस्था ३

२.२.२: प्रदेश संयोजकले गर्नुपर्ने कार्यहरू ३

२.३: जिल्ला शाखाहरू ४

२.३.१: शाखाहरूले कार्यक्रमहरू सञ्चालन गर्नेबारेको निर्देशिका ४

२.४: इकाई समितिहरू ७

२.४.१: इकाई समिति सम्बन्धी निर्देशिका ७

भाग - ३: राष्ट्रिय कार्यक्रम अन्तरगत जिल्ला शाखाले कार्यान्वयन गर्ने कार्यक्रमको छनोट १०

३.१: बाल मुटु बचाउ कार्यक्रम १०

३.२: हृदयघात रोकथाम तथा नियन्त्रण कार्यक्रम ११

३.३: मुटुरोगी उपचार सहयोग कोष कार्यक्रम १२

३.४: मुटुरोगी पुनर्स्थापना कार्यक्रम १२

३.५: महिला मुटुरोग सचेतना कार्यक्रम १३

३.६: जिल्ला शाखाबाट सीमीत साधन श्रोत प्रयोग गरी विशेषज्ञ चिकित्सक विना गर्न सकिने कार्यक्रमहरू १३

३.७: जिल्ला शाखाबाट कार्यक्रम तयार गर्ने ढाँचा १४

भाग - ४: शाखालाई सक्रिय गराउन आवश्यक पूर्व तयारी तथा श्रोत परिचालन विधि १८

४.१: पूर्ण रूपमा मुटु परीक्षण क्लिनिक स्थापना गर्ने १८

भाग - ५: आर्थिक व्यवस्थापन तथा लेखा सम्बन्धी २०

५.१: आर्थिक व्यवस्थापन २०

५.२: लेखाङ्कन पद्धति एवं लेखापरीक्षण २०

# भाग - १: प्रतिष्ठानको रणनीतिक अवधारणा

## १.१: सशक्तिकरण उन्मुख रणनीति तथा सहकार्यका अवधारणाहरू:

**पृष्ठभूमि:**

नेपाल हृदयरोग निवारण प्रतिष्ठान एक राष्ट्रियस्तरको मुटुरोग रोकथाम, उपचार तथा प्रतिरोधात्मक कार्य गर्ने गैह्रसरकारी संस्था हो । यो संस्था २०४५ सालमा स्थापना भई हाल नेपालका ७७ जिल्लामा फैलिएको छ । ५२ जिल्लाहरूमा शाखाहरू स्थापना भएका छन् र बांकी २५ जिल्लाहरूमा तदर्थ समितिहरू स्थापना भई विधिवत रूपमा जिल्ला शाखा हुने तर्फ उन्मुख रहेका छन् ।

**प्रतिष्ठानको दृष्टिकोण (Vision)**

मुटुरोगका सम्भावनाहरूलाई न्यून गर्ने प्रयासहरूलाई निरन्तरता दिई मुटुरोगरहित स्वस्थ जीवनयापन गर्ने अवसरहरूको विकास गर्ने ।

**प्रतिष्ठानका कार्यलक्ष (Mission)**

प्रतिष्ठानले मुटुरोगको जोखिम उच्च रहेको समुदायलाई लक्षित गरी सो रोगको रोकथाम गर्ने उद्देश्यले सरकारी, गैर सरकारी तथा नागरिक समाजका सरोकारवालाहरूको साझा मञ्च निर्माण गर्ने अभियान सञ्चालन गर्ने ।

**परिवर्तित परिप्रेक्ष :**

यस संस्थाको स्थापना भएको ३२ वर्ष नाघिसकेको छ। सो अवधिमा यस संस्थाले मुटुरोगको रोकथाम तथा न्यूनिकरण गर्ने विभिन्न कार्यक्रमहरू अगाडि बढाएको छ ।

यसै अवधिमा नेपालको प्रशासनिक क्षेत्र र भौगोलिक व्यवस्थापनको परिवर्तनका साथै श्रोत परिचालनका आधारहरूमा समेत परिवर्तन आएको छ। मुख्यतया जनता समक्ष सेवाहरू पुऱ्याउने लक्ष्य राखिएको छ। यस परिवर्तनहरूलाई आधार मानी प्रतिष्ठानको संरचनालाई पनि समयानुकूल रूपमा परिमार्जन गर्न आवश्यक हुन आएको छ ।

प्रतिष्ठानको कार्यक्षेत्र स्वास्थ सम्बन्धी भए पनि कार्यक्रमहरू अगाडि बढाउँदा यस संस्थाले देशको सामाजिक, राजनैतिक र आर्थिक परिप्रेक्षलाई मनन गर्नु पर्ने हुन्छ। संस्थालाई हाल स्थापना भएको ७ प्रदेशसँग मेलखाने गरी रणनीति तयार गर्नुपर्ने हुन्छ। साथसाथै संघात्मक परिपाटी तथा विकेन्द्रीकरणको सिद्धान्तलाई पनि अंगीकार गर्नु पर्छ ।

**सहकार्यका अवधारणा (Partnership)**

उपरोक्तका आधारमा प्रतिष्ठानले पनि आउँदा दिनमा स्वास्थ क्षेत्रमा आएको सामाजिक, आर्थिक तथा संस्थागत परिवर्तनहरूलाई तदनुकूल नै अंगीकार गर्नु पर्दछ। स्थानीय र प्रादेशिक इकाईहरूसँग समन्वय गरी सहकार्य गर्न आवश्यक हुन्छ ।

यस परिवर्तनसँगै जिल्लाहरूमा धेरै मेडिकल कलेजहरू स्थापना भएकाले तीनका शिक्षण अस्पतालहरूसँग सहकार्य गर्ने कार्यक्रम बनाउन सकिन्छ ।

आर्थिक श्रोत परिचालनमा धेरै वित्तीय तथा औद्योगिक प्रतिष्ठानहरूमा सामाजिक दायित्वका भावनाहरू बढेको पाइन्छ। यसलाई पनि आधार मानी श्रोत परिचालन गर्ने प्रशस्त गुञ्जायस छ ।

# भाग - २: प्रतिष्ठानको संगठनात्मक व्यवस्था

## २.१: संस्थागत संरचनाहरू:

हाल आएर नेपाल हृदयरोग निवारण प्रतिष्ठानको संरचना परिवर्तित अवस्था अनुकूल हुने गरी परिमार्जन गरिएको छ। यसलाई कानुनी मान्यता प्राप्त गर्न प्रतिष्ठानको विधानमा आवश्यक संशोधन गरिएको छ।

विधानले केन्द्र, प्रदेश र जिल्ला गरी ३ स्तरको संगठनात्मक संरचना तय गरेको छ।

विधानले प्रदान गरेको अधिकार अनुसार यो संस्था स्वचालित, स्वशासित तथा स्वआर्जनबाट परिचालित संस्था हो। यहि सिद्धान्त केन्द्र, प्रदेश तथा जिल्ला इकाइहरूमा समान तवरले लागु हुनेछन्।

## २.२: प्रदेशस्तरीय संगठन:

प्रदेशस्तरको सातवटै संरचना अन्तर्गत कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा एकरूपता अपनाउन र जिल्ला इकाईहरू बीच सवल संञ्चार संयन्त्र बनाई तिनीहरूलाई सक्षम बनाउन आवश्यक व्यवस्थाहरू गरिएको छ। प्रदेशहरूको संगठन तथा काम कर्तव्य सम्बन्धी विषय प्रतिष्ठानका हालै संशोधित विधानमा स्पष्ट रूपले उल्लेख गरिएको छ।

### २.२.१: प्रदेश सम्बन्धी व्यवस्था

नेपाल हृदयरोग निवारण प्रतिष्ठानको विधानको परिछेद ३ (क)मा प्रदेश समिति गठन र कार्य सञ्चालन सम्बन्धी व्यवस्था गरिएको छ।

देशको ७ वटै प्रदेश समितिहरू तत्कालै गठन हुन आवश्यक छ। तदर्थ, प्रदेश संयोजकले यस दिशामा तुरून्तै पहल गर्नु पर्दछ। त्यसै गरी, यो स्तरको संगठन सक्रिय हुन प्रदेश कार्यसमितिको गठन पनि हुनु पर्दछ।

जिल्ला शाखाहरूलाई जागरूक गराउने, प्रदेशभित्रका जिल्ला शाखाहरू बीच समन्वय स्थापित गर्ने, कार्यक्रम तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षणमा सहजकर्ताको भूमिका खेल्ने, प्रदेशस्तरीय रणनीति बनाई जिल्लामा कार्यक्रमहरू कार्यान्वयन गर्न प्रदेशस्तरीय सरकारी वा गैर सरकारी संस्थासँग सहकार्यका लागि सघाइ दिने तर्फ पनि प्रदेश समिति/कार्यसमिति अग्रसर रहनु पर्दछ।

प्रदेश समितिको स्थायी व्यवस्था नहुन्जेल संयोजक चयन भएको जिल्लाको शाखाले नै प्रदेशको सचिवालयको जिम्मेवारी बहन गर्नु पर्नेछ। यस परिप्रेक्षमा, सकभर प्रदेश सम्बन्धी संयन्त्र प्रदेशको राजधानी भएकै जिल्लामा स्थापना गर्नु पर्दछ।

### २.२.२: प्रदेश संयोजकले गर्नुपर्ने कार्यहरू निम्न प्रकारका हुनेछन्:

१. आफ्नो प्रदेशभित्र पर्ने जिल्लाहरूमा तदर्थ समिति मात्र भएमा ती जिल्लाहरूलाई शाखास्तरमा परिणत गर्ने व्यवस्था मिलाउने।

२. प्रदेशभित्रका सबै जिल्ला शाखाहरूलाई आत्मनिर्भर बनाउन यथासम्भव सबै उपायहरू अवलम्बन गरी स्थायित्व दिनमा सहयोग पुऱ्याउने।

३. आफ्नो कार्यकालमा प्रत्येक जिल्लाहरूमा कम से कम एक पटक र आवश्यकतानुसार पटक पटक पुगी शाखालाई सक्रिय बनाउन पहल गर्ने।

४. आफ्नो कार्यकालमा कम्तीमा दुई पटक प्रदेशस्तरीय भेला आयोजना गरी अनुभव साटासाट र आ-आफ्ना कार्यक्रम बीच समन्वय ल्याउन प्रयत्न गर्ने।

५. जिल्लाहरूलाई योजना तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्ने र कार्यक्रमहरूको कार्यान्वयनका बारेमा समेत जानकार रहने।

६. जिल्लाहरूलाई जनचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रम तथा प्रतिष्ठानका राष्ट्रिय कार्यक्रमहरू सञ्चालन गर्न सहयोग पुऱ्याउने।

७. आवश्यकतानुसार प्रदेशभित्रका जिल्लाहरूकै Cluster बनाएर भए पनि संयुक्त रूपमा कार्यक्रमहरू सञ्चालन गर्ने ।

८. सूचना, सञ्चार, प्रचार र प्रसारका बारेमा प्रदेशभित्र प्रभावकारी रूपमा कार्यक्रमहरू कार्यान्वयन गर्ने ।

९. मुटु परीक्षण शिविरहरू आवश्यकतानुसार जिल्ला वा प्रदेशस्तरमा सञ्चालन गर्ने र यस कार्यमा अत्यावश्यक भएमा केन्द्रीयस्तरबाट प्राविधिक सहयोग लिनका लागि संयोजन गर्ने ।

१०. प्रदेशभित्रका सरकारी एवं गैर सरकारी संयन्त्रहरूसँग सहकार्य गर्ने चाँजो पाँजो मिलाउने र यस कार्यमा सम्बन्धित जिल्लाहरूलाई अनिवार्य रूपमा संलग्न गराउने ।

११. प्रदेशहरूले आवश्यकतानुसार अरू प्रदेशहरूसँग सहकार्य गरी सभा, सम्मेलन, गोष्ठी, आदि आयोजना गर्ने ।

१२. प्रदेश वा जिल्लास्तरमा मुटुरोग तथा सम्बद्ध बिषयहरूमा तालिम सञ्चालन गर्ने व्यवस्था मिलाउने । यस्तोमा आवश्यकतानुसार केन्द्रबाट समेत प्राविधिक सहयोग जुटाउन संयोजन गर्ने ।

१३. प्रदेशभित्रका सबै शाखाहरूको वार्षिक साधारण सभा प्रतिष्ठानको विधान अनुरूप समयभित्रै सम्पन्न गराउने ।

१४. प्रदेश समिति र प्रदेश कार्यसमिति गठन गर्न पहल गरी हाल्ने र दुबै संयन्त्रलाई सक्रिय बनाई राख्ने ।

१५. आर्थिक कारोवार सुरू गरिएको हकमा हिसाब किताब दुरूस्त राख्ने/राख्न लगाउने र विधिवत रूपमा लेखापरीक्षणको व्यवस्था मिलाउने ।

१६. प्रदेश संयोजकले प्रतिष्ठानका जिल्लाका शाखा र केन्द्र बीच सेतु (Pool) को भूमिका खेल्ने ।

## २.३: जिल्ला शाखाहरू:

विधानले जिल्ला शाखाहरूको स्थापनाको समेत मान्यता दिएको छ । त्यसैले शाखाहरूलाई यस प्रतिष्ठानको दृष्टिकोण तथा कार्यलक्षलाई केन्द्र बिन्दुमा राखी आफ्ना कार्यक्रम अगाडि बढाउन मद्दत मिलेको छ ।

जिल्लास्तरको शाखा खोल्नेदेखि जिल्ला सभा, जिल्ला कार्यसमितिको गठन, तिनीहरूको सञ्चालन विधि र काम कर्तव्य एवं अधिकारहरू प्रतिष्ठानको विधानमा स्पष्टरूपले उल्लेख भएको छ ।

हरेक जिल्ला शाखाहरूले आफ्नो कार्यक्रमहरू अगाडि बढाउन त्यस क्षेत्रका सामाजिक, स्वास्थ्य र आर्थिक स्थितिलाई ध्यानमा राखी कार्यक्रम छनोट गर्नुपर्ने हुन्छ । प्रत्येक जिल्लामा स्थिति फरक हुनसक्छ र त्यसलाई समेत मनन् गर्दै शाखाहरूले राष्ट्रिय कार्यक्रमलाई अगाडि बढाउनु पर्ने हुन्छ ।

जिल्ला शाखाहरू यस संस्थाका अग्र पंक्तीका कार्यालयहरू हुन् । यिनले प्रत्यक्ष रूपमा जनसेवामा सहभागी हुनु पर्छ । अझ बढी सक्रिय हुन जिल्लाले इकाईहरूको स्थापना गर्न सक्दछ । यो प्रयोजनका लागि शाखाले आफ्नो कार्यप्रणाली तथा व्यवस्थापनमा विशेष ध्यान दिनु पर्ने हुन्छ । स्थानीय र प्रदेश सरकारका कार्यक्रमहरूसँग समन्वय गरी कार्यक्रम परिचालन गर्नुपर्ने दायित्व पनि शाखामा रहन्छ । प्रदेश तथा प्रदेश सरकारमा मुटु मैत्री कार्यक्रम अगाडि बढाउन आवश्यक पहल गर्नुपर्ने हुन्छ ।

उपरोक्त प्रसङ्गमा जिल्ला शाखाहरूले प्रदेशसँग सम्पर्क र सहकार्य गर्नेलगायत आफ्ना कार्यक्रमहरू उचित रूपले व्यवस्थापन गर्न सहायक पुगोस् भन्ने उद्देश्यले देहाय बमोजिमको एउटा निर्देशिका जारी गरिएको छ । सबै शाखाले यसलाई आधार मानी आफ्नो कार्य अगाडि बढाउनु पर्नेछ ।

### २.३.१: शाखाहरूले कार्यक्रम सञ्चालन गर्ने बारेको निर्देशिका

**क) कार्यालय व्यवस्थापन एवं सांगठनिक बिषयहरू:**

१ शाखाले आफ्नो चिन्ह र छाप निम्नानुसार गर्ने ।

२ शाखाको Letter Pad मा आफ्नो कार्यसमितिको नाम र सम्पर्क नं. उल्लेख गर्ने ।

३ जिल्लामा सबैले देख्ने गरी आफ्नो शाखाको साइनबोर्ड राख्ने र सम्पर्क गर्ने

नेपाल हृदय रोग निवारण प्रतिष्ठान, २०४५
NEPAL HEART FOUNDATION, 1988
......शाखा, २०..

टेलिफोनको व्यवस्था गर्नुपर्ने। शाखाको आफ्नै भवन नहुँदासम्म वहालमा वा कार्यसमितिका पदाधिकारी वा सदस्यकै घर वा कार्यालयमा भए पनि कार्यालयको व्यवस्था गर्नै पर्ने ।

४ शाखाले विधान अनुसार व्यक्ति वा संस्थालाई यशस्कर, श्रेयस्कर, अतिविशिष्ट, विशिष्ट, आजीवन र साधारण सदस्य बनाउन पाउने छ। सदस्य बनाउँदा आजीवन वा सोभन्दा माथिको स्तरलाई जोड दिनु पर्दछ। यसरी सदस्य बनाएको अभिलेख केन्द्रीय सचिवालयलाई उपलब्ध गराउने र साथमा संकलित सदस्य शुल्कको २०% रकम पनि पठाउनु पर्नेछ। शाखाहरूले केवल एक पटकका लागि मात्र आबद्धता शुल्क वापत रू. २,०००।- केन्द्रमा पठाउनु पर्नेछ ।

५ कार्यसमितिका सदस्यहरूले सकभर विशिष्ट वा सोभन्दा माथिल्लो तहको सदस्यता लिने। स्थानीय सरकार तथा गैर सरकारी क्षेत्रका प्रतिष्ठित स्थानीय निकायलाई सकभर यशस्कर वा श्रेयस्कर सदस्य बनाउन प्रयत्न गर्ने ।

६ संस्थालाई धुमपानरहित बनाउने र कम्तीमा पनि कार्यसमितिका सदस्यहरूले धुमपान नगर्ने ।

७ कार्यसमितिको बैठक प्रत्येक महिना बस्ने। यदि छुटेमा दुई महिनाभित्र भने अनिवार्य रूपमा बस्नै पर्ने। बैठकका निर्णयहरूको अभिलेख राख्ने ।

८ जिल्ला शाखाको सभापति (अनिवार्य) र सचिव वा एक जना प्रतिनिधि गरी दुई जनाले आफू सम्बन्धित प्रदेश समितिको बैठकमा भाग लिने र प्रदेश कार्यसमितिको सदस्य छनोट भएको खण्डमा निजले प्रदेश कार्यसमितिको बैठकमा समेत अनिवार्य रूपले भाग लिने ।

९ अर्को व्यवस्था नभएसम्म प्रदेश संयोजक तोकिएको जिल्लाले प्रादेशिक सचिवालयको जिम्मेवारी पनि लिनुपर्ने ।

१० आफूले प्रतिनिधित्व गर्न पाउने सङ्ख्यामा जिल्ला शाखाका प्रतिनिधिहरूले केन्द्रीय सभामा भाग लिनै पर्दछ। त्यसैगरी केन्द्र वा प्रदेशले आमन्त्रण गरेका बैठकमा समेत भाग लिने ।

११ जिल्ला सभा प्रत्येक वर्ष विधानको व्यवस्था अनुरूप आयोजना हुनै पर्दछ। यो सभामा आफ्नो प्रदेशको संयोजकलाई अनिवार्य रूपमा आमन्त्रण गर्नुपर्ने र सभाको निर्णयहरूको अभिलेख पनि दुरूस्त रूपमा राख्ने ।

१२ विधान अनुरूप कार्यसमिति गठन गर्दा बढी से बढी रूपमा जिल्लाभित्रका विभिन्न नगरपालिका र गाउँपालिका समेट्ने र लिर एवं समुदायको समावेशी प्रतिनिधित्व गराउन प्रयत्न गर्ने। कार्यसमितिले शाखास्तरमा सरसल्लाह दिने गरी सल्लाहकारहरू पनि राख्न सक्ने छ ।

१३ जिल्ला शाखाले आफ्नो सेवा बिस्तार गर्न सहज हुने हिसाबले सकभर अधिक जनसङ्ख्या भएका क्षेत्र र भौगोलिक आधारलाई पनि प्राथमिकता दिई इकाईहरू गठन गर्नेतर्फ ध्यान दिने ।

१४ विधानमा व्यवस्था भए अनुरूप आफ्नै परिवारभित्रको सहकार्यलाई बढावा दिन प्रतिष्ठानकै अन्य छिमेकी शाखाहरूसँग मिली सञ्जाल निर्माण गर्ने, भगिनी सम्बन्ध विकसित गर्ने, आदि जस्ता कार्यमा अग्रसर हुने ।

१५ शाखाले आयोजना गर्ने सभा बैठकलगायतका कार्यक्रममा सदस्यहरूले भौतिक रूपमै उपस्थित हुनु पर्नेछ। तर उपस्थित हुन नसक्ने मनासिब कारण परेको हकमा मात्र विद्युतीय एवं अन्य माध्यमबाट समेत उपस्थिति जनाउन र रायसुझाव व्यक्त गर्न पाउने व्यवस्थाको थालनी गर्ने ।

१६ प्रत्येक शाखाले विधिवत रूपमा आफ्नो हिसाब किताब र लेखा चुस्त दुरूस्त राख्नु पर्दछ। यस संदर्भमा केन्द्रले आवश्यकतानुरूप मार्गदर्शन गर्ने र समय समयमा अभिमुखीकरण तालिम प्रदान गर्नेछ ।

**<u>ख) कार्यक्रम कार्यान्वयन सम्बन्धीः</u>**

१७ जिल्लास्तरीय मुटुरोग उपचार वा त्यस्तै प्रकृतिका अक्षयकोष स्थापना गरी बैंक वा वित्तिय संस्थामा रकम जम्मा गर्ने र सोको ब्याज रकम मात्र खर्च गर्ने ।

१८ मुटुरोग रोकथाम र रोग लागिसकेकालाई प्राविधिक तथा वित्तिय सहयोग जुटाउन जिल्लाभित्र उपलब्ध सम्भावनाहरूको उपयोग गर्ने । आवश्यकतानुसार प्रदेश संयोजक र निज मार्फत केन्द्रको सहयोगका लागि पहल गर्न सकिन्छ ।

१९ प्रतिष्ठानको Vision र Mission अनुरूप हुने गरी लक्षहरू स्पष्ट रूपले किटान गरिएको आफ्नो वार्षिक कार्यक्रम तर्जुमा गर्नु पर्नेछ । यस्तो कार्यक्रम तर्जुमा गर्दा केन्द्रबाट उपलब्ध गराइएको नमुना कार्यक्रमलाई आधार मान्न सकिन्छ । शाखाले छिमेकी जिल्लाहरूसँग मिली संयुक्त रूपमा कार्यक्रम गर्न समेत पाउनेछन् ।

२० शाखाले आफ्नैस्तरबाट कार्यक्रम कार्यान्वयनको अनुगमन र मूल्याङ्कनको व्यवस्था मिलाउनु पर्ने ।

२१ स्थानीय सरकारसँगको सहकार्यलाई प्राथमिकता दिने र नगरपालिकाका वार्डहरूसम्म र गाउँपालिकामा स्वास्थका लागि छुट्याइने बजेटका विषयमा समन्वय गरी मुटु सम्बन्धी कार्यक्रम राख्न लगाउन पहल गर्ने । त्यसरी राखिने कार्यक्रमको कार्यान्वयनमा पनि सकभर सहकार्य गर्ने ।

२२ जिल्लाभित्रका सरकारी संस्था, मेडिकल कलेज, अस्पतालहरूसँग सहकार्य गर्ने र केन्द्रले ती जिल्लाका अस्पताललाई पठाएको भए ती अस्पतालहरूबाट पेनिसिलिन सूई र चक्की औषधिहरूको प्रयोगका बारेमा पनि सहजीकरण गर्ने ।

२३ बैंक एवं वित्तिय संस्थाहरूले आफ्नो कारोवारको निश्चित प्रतिशत रकम सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) अन्तर्गत खर्च गर्नैपर्ने प्रावधान रहेकोले त्यो श्रोतलाई मुटुरोग निवारणतर्फ समेत उपयोग गर्न पहल गर्ने ।

२४ केन्द्रीयस्तरबाट जिल्लामा गरिने मुटु परीक्षण, तालिम, अन्तर्कृयालगायत चेतना अभिवृद्धि गर्ने कार्यक्रमहरूको आयोजककै रूपमा सहयोगी हुने । यस्ता प्रकृतिका कार्य आफ्नैस्तरबाट समेत गर्ने । मुटुरोग सन्बन्धी सभा, सम्मेलन, गोष्ठी, प्रचार, प्रसार र विद्यालय केन्द्रीत कार्यक्रमहरूको आयोजना गर्ने ।

२५ मुटु परीक्षणबाट देखिएका सम्भावित रोगीहरूलाई थप उपचारार्थ काठमाडौं वा सुविधा सम्पन्न स्थलमा पठाउनु पर्दा असक्तहरूका लागि स्थानीय सरकारका तर्फबाट यातायात र बासका लागि सहयोग प्रदान गर्न पहल गर्ने। शल्यकृयाहरूमा केही रकम प्रतिष्ठानले ब्यहोर्न सक्नेछ र अस्पतालबाट सरकारी सहुलियतका लागि केन्द्रले सहजीकरण गरिदिने छ ।

२६ जिल्लास्तरमा कार्यक्रम आयोजना गर्दा वा अन्य संस्थाले आयोजना गरेका कार्यक्रममा सहभागी हुँदा सहकार्यलाई जोड दिने ।

२७ सम्भव भएसम्म आफ्नै क्लिनिक खोली र अन्यथा उपलब्ध अन्य स्वास्थ सेवा प्रदान गर्ने निकायसँग मिली मुटुरोग नियन्त्रण कार्यमा सरिक हुने ।

२८ आफ्नो क्लिनिक स्थापनार्थ र उपकरण सहित सुविधा सम्पन्न बनाउन आफ्नै सदस्यहरूबाट दान वा ऋणमा रकम संकलन गरी व्यवस्था गर्न सकिन्छ ।

२९ विश्व मुटु दिवस र अन्य त्यस्तै दिवसहरू सबैसँग मिली मनाउने र छुट्टै रूपमा पनि जागरण पैदा गर्ने खालका कार्यक्रमहरू आयोजना गर्ने ।

**ग) तदर्थ समितिले ध्यान दिनु पर्ने (माथि उल्लेख भएकोमा थप):**

३० यथासम्भव चांडो कम्तीमा ५१ जना आजीवन सदस्य पुऱ्याई केन्द्रीय सचिवालयमा शाखामा परिणत गर्नका लागि अनुरोध गरी पठाउने ।

३१ केन्द्रीय सचिवालयबाट स्वीकृति प्राप्त भए पछि आफ्नो जिल्लाको स्थानीय अधिकारीको स्वीकृति समेत लिई विधिवत रूपमा जिल्लास्तरीय शाखा स्थापना हुन्छ । त्यसपछि शाखाको भेला बोलाई प्रतिष्ठानको विधान अनुरूप कार्यसमिति र पदाधिकारीहरू चयन गर्ने ।

३२ शाखालाई जिल्ला प्रशासन कार्यालयमा दर्ता गर्नु पर्ने बाध्यता छैन ।

३३ शाखाहरूले गर्ने सबै खाले मुटुरोग रोकथाम सम्बन्धी कार्यक्रमहरू तदर्थ समितिहरूले आफ्नो जिल्लाभित्र गर्न पाउँछन् ।

ञतदर्थ समितिको प्रतिनिधिले केन्द्रीय सभामा भाग लिन पाउँछ तर मतदान गर्ने अधिकार हुने छैन ।

## २.४: इकाई समितिहरू

प्रतिष्ठानको विधानले जिल्ला शाखाहरूले आफ्नो सेवा विस्तार गर्नका निमित्त आवश्यकतानुसार नगरपालिका र गांउपालिकास्तरमा इकाईहरू गठन गर्न सक्ने व्यवस्था गरेको छ । ती इकाईहरूको गठन विधिबारेमा स्पष्ट रूपमा उल्लेख भएको र तीनको काम कर्तव्य एवं अधिकार बारेमा पनि तोकिए बमोजिम हुने भन्ने प्रावधान भएकाले यस सम्बन्धमा विधानका प्रावधानलाई समेत प्रष्ट्याउंदै देहाय बमोजिम निर्देशिका सहितको कार्यविधि जारी गरिएको छ ।

### २.४.१: इकाई समिति सम्बन्धी निर्देशिका

१ **विषय प्रवेशः**

विधानको प्रावधानहरू बमोजिम इकाईहरूको काम, कर्तब्य र अधिकार केन्द्रीय समिति र जिल्ला कार्यसमिति कसले तोकि दिने भन्नेमा द्विविधा उत्पन्न हुन सक्ने भएकोले महोत्तरी जिल्लाको बर्दिबासमा सम्पन्न २८ औं केन्द्रीय सभाले निम्नानुसार निर्णय गरेको छ :

"संशोधित विधानका प्रावधानले इकाई गठन एवं इकाईका काम, कर्तव्य एवं अधिकार केन्द्र वा जिल्ला शाखा मध्ये कसले तोक्ने हो भन्ने विषयमा द्विविधा हुन सक्ने देखिएकोले त्यो बिषयमा केन्द्रले हाल इकाई/उपशाखा गठन गरी सकेका शाखाहरूसँग समेत परामर्श गरी एउटा काम, कर्तव्य र अधिकार सम्बन्धी खाका सबै शाखालाई उपलब्ध गराउने र शाखाले तदनुरूप कार्यान्वयन गर्ने ।"

२ **इकाईको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था**

विधानको दफा ४.८ले दिएको अधिकार तथा प्रतिष्ठानको २८औं केन्द्रीय सभाले गरेको निर्णय बमोजिम केन्द्रीय कार्यसमितिले देहाय बमोजिम इकाईहरूको काम, कर्तब्य र अधिकार सम्बन्धी निर्देशिका तयार गरी जिल्ला शाखा एवं इकाई समितिहरूमा कार्यान्वयनका लागि पठाइएको छ ।

प्रतिष्ठानका जिल्ला स्थित शाखाहरू क्रमशः आफ्नो कार्यक्षेत्रभित्र इकाईहरू स्थापना गर्ने दिशातर्फ प्रवेश गर्न थालेकाले यस कार्यक्रममा मुलुकभर नै एकरूपता अपनाउने उद्देश्यले केन्द्रीय कार्यसमितिले सम्बन्धित शाखाहरूसँग समेत परामर्श गरी देहाय बमोजिम निर्देशिका स्वीकृत गरेको छ । प्रतिष्ठानका शाखा एवं इकाईहरूले यस निर्देशिकाको पालना गर्नु पर्नेछ । शाखा एवं शाखाको सहमती लिई इकाईलाई समेत यस निर्देशिकाका मुलभूत बिषयहरूको बिपरित नहुने गरी थप व्यवस्थाहरू गर्न अधिकार हुनेछ र त्यस्तो गरिएमा सम्बन्धित शाखाले केन्द्रीय सचिवालयलाई त्यस्ता थप गरिएका व्यवस्थाहरूबारे जानकारी गराउनु पर्नेछ ।

३ **इकाई गठन कार्यविधि**

क) विधानको प्रावधान अनुसार आफ्नो कार्यक्षेत्र (नगरपालिका वा गाउपालिका) भित्र मुटुरोग रोकथाम, प्रतिकार, उपचार वा/र पुनर्स्थापना सम्बन्धी कार्य गर्न इच्छुक ११ जना स्वयंसेवीहरूको समावेशी प्रकृतिको समूहबाट लिखित रूपमा निवेदन प्राप्त भएमा जिल्ला शाखाले सो समूहको संयोजक समेत तोकी इकाई तदर्थ समिति गठन गर्न सक्नेछ ।

ख) उपरोक्तानुसार गठन भएको इकाई तदर्थ समितिले कम्तीमा २५ जना सदस्य पुर्‍याइ लिखित रूपमा निवेदन दिएमा जिल्ला कार्यसमितिले सो तदर्थ समितिलाई इकाई समितिको दर्जा दिन सक्नेछ ।

ग) इकाई समितिले उपरोक्तानुसार जिल्ला कार्यसमितिबाट स्वीकृति पाएपछि एक महिनाभित्र अनिवार्य रूपमा भेला बोलाई इकाई कार्यसञ्चालन समिति गठन गर्नु पर्नेछ ।

घ) इकाई कार्यसञ्चालन समितिमा संयोजक-१, सचिव-१, कोषाध्यक्ष-१ र अन्य ५ जना सदस्य रहनेछन् । उक्त समितिमा निवर्तमान संयोजक समेत सदस्य रहने छन् ।

ङ) इकाई कार्यसञ्चालन समितिले आफ्नो तहमा सहयोग प्राप्त गर्नका लागि आवश्यकतानुसार सल्लाहकारहरू नियुक्त गर्न सक्नेछ। इकाई कार्यसञ्चालन समितिले चाहेमा सल्लाहकारहरूलाई पनि आफ्नो बैठकमा भागलिन आमन्त्रण गर्न सक्नेछ तर कुनै विषयमा मत विभाजन द्वारा निर्णय गर्नु पर्ने अवस्था आइपरेमा भने सल्लाहकारहरूलाई मतदान गर्ने अधिकार हुने छैन ।

च) इकाई कार्यसञ्चालन समितिको बैठक संयोजकको निर्देशन अनुसार सचिवले बोलाउने र बैठकको निर्णयका अभिलेख पनि राख्नु पर्नेछ। बैठकको अध्यक्षता संयोजकले गर्नेछ। इकाई समितिको बैठक महिनामा एक पटक र यदि सम्भव नभएमा कम्तीमा दुई महिनाभित्र बस्नै पर्नेछ ।

छ) इकाई कार्यसञ्चालन समितिको कार्यावधि ३ बर्षको हुनेछ ।

४ **<u>इकाई समितिका सदस्य एवं जिल्ला सभामा प्रतिनिधित्व</u>**

क) इकाई समितिले छुट्टै रूपमा सदस्यता प्रदान गर्न पाउने छैनन्। इकाई समितिले आफ्नो इकाई अन्तर्गत कसैलाई सदस्यता प्रदान गर्न सम्बन्धित जिल्ला शाखालाई सिफारिस गर्नुपर्नेछ। सबै सदस्यहरू सम्बन्धित जिल्ला शाखाकै सदस्य हुने छन् ।

ख) सदस्यता शुल्क, सदस्यता प्रदान गर्ने विधि, तत्सम्बन्धमा केन्द्रीय सचिवालयसँग राख्नु पर्ने सम्पर्क, सदस्यको आचरण र सदस्यताका लागि अयोग्यताका विषयहरू सम्बन्धित जिल्ला शाखाले नै विधान अनुरूप व्यवस्थापन गर्नु पर्नेछ ।

ग) इकाई समिति प्रत्येक वर्ष छुट्टै वार्षिक सभा गर्न वाध्य हुने छैनन् तर जिल्ला शाखाको वार्षिक जिल्ला सभामा भने कम्तीमा पनि १ जना पदाधिकारी सहित जिल्ला शाखाले तोकेको संख्यामा प्रतिनिधि सहित अनिवार्य रूपमा सहभागी हुनु पर्नेछ ।

५ **<u>इकाई समितिको काम, कर्तव्य र अधिकार</u>**

क) प्रतिष्ठानको केन्द्रीय सभा, केन्द्रीय कार्यसमिति, जिल्ला सभा एवं जिल्ला कार्यसमितिले गरेका निर्णय एवं निर्देशनहरू कार्यान्वयन गर्ने ।

ख) इकाई समितिले विशेष प्रयोजनका लागि उपसमिति बनाउन र त्यस्तो उपसमितिमा आवश्यकतानुसार अन्य व्यक्ति वा संस्थालाई समेत विज्ञका रूपमा सम्मिलित गराउन पाउने छन् ।

ग) इकाई समितिलाई आफ्नो वार्षिक कार्यक्रम तथा बजेट बनाउने र कार्यान्वयन गर्ने अधिकार हुनेछ तर यस सम्बन्धमा जिल्ला शाखाको केही निर्देशन भएमा ती पनि समावेश गर्नु पर्नेछ ।

घ) कार्यक्रम कार्यान्वयन गर्ने क्रममा कुनै एक शीर्षकबाट अर्को शीर्षकमा रकम सार्नु पर्ने आवश्यकता परेमा सो सम्बन्धी सम्पूर्ण अधिकार इकाई कार्य सञ्चालन समितिलाई हुनेछ ।

ङ) आफ्नो कार्यक्रम सञ्चालन गर्न प्रतिष्ठानको विधान बमोजिम तथा बैधानिक स्रोतबाट रकम संकलन गर्न इकाई समितिलाई अधिकार हुनेछ। यसरी संकलित स्रोतको विवरण बारे जिल्ला शाखालाई इकाई समितिले निरन्तर रूपमा जानकारी गराई रहनु पर्नेछ ।

च) इकाई समितिले आफ्नोस्तरमा कम्तीमा एउटा अक्षयकोष स्थापना गर्ने प्रयास गर्नु पर्ने छ ।

छ) इकाई समितिले आफ्नो आय एवं अक्षयकोषका लागि संकलित रकमहरू छुट्टाछुट्टै रूपमा बैंक वा वित्तिय संस्थाहरूमा खाता खोली जम्मा गर्नुपर्नेछ। अक्षयकोषको रकम मुद्धती खातामा जम्मा गर्नु पर्नेछ र त्यसको ब्याज बापत प्राप्त रकम मात्र आफ्ना निर्धारित कार्यमा खर्च गर्नु पर्दछ। अक्षयकोषको मूल रकमलाई कुनै हालतमा पनि मास्न पाइने छैन ।

ज) बैंक वा वित्तिय संस्थामा जम्मा भएको रकम संयोजक र सचिव मध्ये एक तथा कोषाध्यक्षको संयुक्त दस्तखतबाट मात्र सञ्चालन गर्नु पर्नेछ ।

झ) आय व्ययको हिसाब किताब दुरूस्त रूपमा बैधानिक तवरले राख्ने जिम्मेवारी इकाई कार्यसञ्चालन समितिको हुनेछ र लेखापरीक्षणको हकमा प्रतिष्ठानको नीति, नियम तथा केन्द्रीय सचिवालयले गरेको निर्देशन बमोजिम हुनेछ। इकाईले आफ्नो आय व्यय र नगद तथा सम्पत्ति मौज्दातको

अर्धवार्षिक र वार्षिक विवरण केन्द्रले तोकेको ढाँचामा प्रतिवेदनको अवधि समाप्त भएको एक महिनाभित्र आआफ्नो जिल्ला समितिमा पठाउनु पर्नेछ ।

ञ) सहयोगी व्यक्ति एवं स्थानीय संघ संस्थासँग पत्राचार एवं सम्पर्क गर्न इकाई समितिलाई अधिकार हुनेछ । तर, विदेशी जुनसुकै स्रोतसँग सम्पर्क राख्न वा पत्राचार गर्न भने जिल्ला शाखाको स्वीकृति अनिवार्य हुनेछ ।

ट) इकाई समितिले जिल्ला शाखाको सहमति लिई उपकरण, घर, जग्गा तथा अन्य भौतिक संरचना खरिद वा निर्माण गर्न सक्नेछ ।

ठ) इकाई समितिका सदस्यहरूले प्रतिष्ठानको उद्देश्य अनुकुलका सभा, सम्मेलन, गोष्ठी, तालिम, अन्तरक्रिया, आदिमा भाग लिन पाउने छन् । सो कार्यका लागि देशभित्र वा बाहिर भ्रमणमा जान पाउने छन् ।

ड) इकाई समितिहरूले आफ्नो क्षेत्रमा क्लिनिक खोल्ने र सञ्चालन गर्ने पहल गर्नु पर्नेछ ।

ढ) इकाईहरू आफ्ना सदस्य वा सहयोगीलाई सम्मान दिन वा पुरस्कृत गर्न स्वतन्त्र हुनेछन् ।

ण) इकाई कार्यसञ्चालन समितिलाई अन्य बिषयका अतिरिक्त दैनिक कार्यसञ्चालन, कार्यालय व्यवस्थापन र स्वीकृत कार्यसञ्चालन गर्न पूर्ण अधिकार हुनेछ ।

त) इकाई समितिले स्थानीय सरकार एवं अन्य गैर सरकारी संस्थासँग सहकार्य गर्न सक्नेछ ।

थ) मुटुरोग लाग्न नदिनका लागि सर्वसाधारणमा चेतना अभिवृद्धि गर्ने उद्देश्यका कार्यक्रमहरू सञ्चालन गर्नु ईकाई समितिको प्रथम प्राथमिकता हुने छ। यसका साथै मुटुरोग लागि सकेकाहरूलाइ उपचारका लागि पहुंच पुऱ्याउने तर्फ पनि प्रयत्नशील हुनु पर्ने छ । इकाई समितिले यस बिषयमा जिल्ला शाखा एवं जिल्ला शाखा मार्फत केन्द्रीयतहबाट पनि सहयोग लिन सक्नेछ ।

द) इकाई समितिले आफ्नै पहलमा स्वास्थ्य जाँच, मुटु परिक्षण एवं शिविर सञ्चालन गर्न सक्नेछन् । केन्द्र वा जिल्ला शाखातहबाट त्यस्ता मुटु परिक्षण, शिविर, तालिम वा चेतनामूलक कार्यहरू आफ्नो क्षेत्रमा आयोजना गरिने भएमा इकाई समितिले पुर्णरूपमा संलग्न भइ सहयोग पुऱ्याउनु पर्नेछ ।

ध) आफ्नो क्षेत्रभित्रका मुटुरोगीहरूको तथ्याङ्क एवं विवरण संकलन गर्ने कार्यमा इकाई समितिहरू लाग्नु पर्दछ ।

न) इकाई समितिको अन्य काम कर्तव्य एवं अधिकारहरू विधानमा जिल्ला शाखाहरूका लागि व्यवस्था भएको मध्ये सम्बन्धित जिल्ला शाखाले इकाई समितिलाइ अख्तियारी दिए अनुसार हुनेछ ।

## ६ इकाई समितिका लागि जिल्ला शाखाले गरिदिनु पर्ने व्यवस्थाहरू

क) जिल्लाभित्र स्थापित इकाई समितिहरू बीच समन्वय गर्ने गराउने, तिनीहरूको वार्षिक कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्न सहयोग पुऱ्याउने, आवश्यकतानुरूप स्रोत संकलनका उपायहरू पहल गरिदिने लगायत कार्य प्रगति बारे सुपरिवेक्षण एवं अनुगमन गर्ने अभिभारा सम्बन्धित जिल्ला शाखाको हुनेछ ।

ख) जिल्ला शाखाले प्रत्येक इकाईका कम्तीमा एक प्रतिनिधिलाई आफ्नो कार्यसमितिमा राख्ने प्राथमिकता गर्नुपर्नेछ। त्यो सम्भव नभएमा सल्लाहकारका रूपमा र सो पनि सम्भव नभएमा आमन्त्रितकै रूपमा पनि कार्यसमितिको बैठकमा भाग लिने व्यवस्था मिलाउनु पर्नेछ ।

ग) प्रतिष्ठानको केन्द्रीय सभाका बैठकमा इकाईका प्रतिनिधिलाई समेत संलग्न गरी प्रतिनिधित्व गराउने व्यवस्था गर्नु पर्नेछ। विधान अनुरूप जिल्ला शाखाले आधिकारीक रूपमा पठाउन पाउने प्रतिनिधिको संख्याभित्र समावेश गर्ने सम्भावना नभएमा मतदान गर्न नपाउने हैसियतमै भए पनि इकाईका इच्छुक प्रतिनिधिलाई जिल्ला शाखाले केन्द्रीय सभामा भाग लिन पठाउन पाउने छ ।

घ) इकाई समितिले अनुरोध गरेका विषयमा तत्काल निकास हुने गरी जिल्ला शाखाले सम्बोधन गरिदिनु पर्नेछ । केन्द्रबाट निकास लिनु पर्ने प्रकृतिको विषयमा केन्द्रीय कार्यालयसँग सम्पर्क गरी समयभित्रै निकास दिनुपर्ने छ ।

७ **<u>इकाई समितिको कार्यालय व्यवस्थापन एवं अन्य सांगठनीक बिषयहरू</u>**

क) इकाई समितिको आफ्नो छाप बनाउंदा जिल्ला शाखाको छापमा जिल्ला शाखा पछिको स्थापनाको साल हटाइ सो को तलपट्टी अर्को हरफमा आफ्नो इकाई समितिको नाम र गठीत साल उल्लेख गर्ने ।

.................... शाखा
............ईकाई समिति, २०....

ख) इकाई समितिको letter pad मा सम्बन्धित जिल्ला शाखाको नाम नछुटाउने र आफ्नो ठेगाना र सम्पर्क नम्बर उल्लेख गर्ने । Letter Pad को बायाँपट्टी कम्तीमा पनि पदाधिकारीहरूको नाम र सम्पर्क उल्लेख गर्ने ।

ग) आफ्नो कार्यालय स्थापना हुनु पर्ने र सबैले देख्ने गरी साइनबोर्ड पनि राख्नु पर्ने । यदि कार्यालय स्थायी रूपमा एकै ठाउंमा राख्न नसक्ने भएमा सुरूवातकै लागि भएपनि कार्यसञ्चालन समितिको पदाधिकारी, सदस्य वा अन्य कसैको घर, कार्यालयमा राख्नु पर्ने ।

घ) इकाई समितिले सकभर आजीवन वा सो भन्दा माथिल्लोस्तरको सदस्यता बनाउन प्रेरित गर्ने ।

ङ) इकाई समितिलाइ धुम्रपानरहित बनाउने ।

८ उपरोक्तका अलावा इकाई समितिले प्रतिष्ठानको मूल उद्येश्य विपरित नहुने गरी नयां प्रकृतिका कार्यहरू जिल्ला शाखा एवं केन्द्रसँग समन्वय गरी सञ्चालन गर्न सक्ने छ ।

९ इकाई तदर्थ समितिले इकाई समिति गठन नहुञ्जेल जिल्ला शाखासँग सहमति लिइ आफ्नो क्षेत्रमा कार्यक्रमहरू सञ्चालन गर्न पाउने छन् ।

१० हाल उपशाखाका रूपमा स्थापित भइसकेकाहरूको हकमा नाम परिवर्तन गरी इकाई भन्नु विधान सम्मत हुनेछ ।

११ इकाई कार्यसञ्चालन समितिका बिषयमा हाल स्थापित भै सकेका इकाई/उपशाखामा पदाधिकारीको संख्या बढी रहेको भएमा सो संख्यामा कटौती गर्नु पर्ने छैन, तर वर्तमान कार्यकाल समाप्त भए पछि नयां गठन हुंदाका बखतमा भने यसै निर्देशिका अनुसार गर्नु पर्नेछ ।

## भाग ३ः राष्ट्रिय कार्यक्रम अन्तरगत जिल्ला शाखाहरूले कार्यान्वयन गर्ने कार्यक्रमको छनोट

नेपाल हृदयरोग निवारण प्रतिष्ठानको राष्ट्रिय कार्यक्रमहरू यस प्रकार रहेका छन्ः

१ बाल मुटु बचाउ कार्यक्रम (Save the Children Heart Program)
२ हृदयघात रोकथाम तथा नियन्त्रण कार्यक्रम (Heart Attack Prevention and Control Program)
३ मुटुरोगी उपचार सहयोग कोष कार्यक्रम (Heart Patients Treatment Support Fund Program)
४ मुटुरोगी पुनर्स्थापना कार्यक्रम (Heart Patients Rehabilitation Program)
५ महिला मुटुरोग सचेतना कार्यक्रम (Go Red for Women Program)

यी कार्यक्रमहरू अन्तर्गत धेरै उपकार्यक्रमहरू पनि आयोजना हुन सक्दछन् । जिल्लाका शाखा तथा सो अन्तर्गतका इकाईहरूले उपरोक्त मध्ये आफ्नो क्षेत्रभित्र सम्भव भएसम्मका कार्यक्रमहरू स्वचालित, स्वशासित तथा स्वआर्जनबाट कार्यान्वयन गर्नु पर्दछ ।

### ३.१ः बाल मुटु बचाउ कार्यक्रम

यो कार्यक्रम प्रतिष्ठानको प्रमुख प्राथमिकताको कार्यक्रम हो । यस कार्यक्रम अन्तर्गत बाल बालिकाको मुटु बचाउने उद्देश्यका जनचेतना जागरण, मुटुरोग परीक्षण तथा आवश्यक उपचारको व्यवस्था मिलाउने तथा अनुसन्धान, आदि कार्य गरिन्छ । शाखाले तल उल्लेखित प्रकृतिका मध्ये आफुले कार्यान्वयन गर्न सक्ने कार्यक्रम छनौट गर्न सक्नेछः

क. स्कूल जाने बालबालिकाहरूको टन्सिलमा संक्रमण भएर घाँटी दुख्ने, टन्सिल पाक्ने र पछि हात खुट्टाका जोर्नीहरू पनि दुख्ने हुन सक्दछ। यस्तो भएमा मुटुरोग विशेषज्ञ डाक्टर कहां जचाउनु पर्छ भन्ने अभियान चलाउने।

ख. यस सम्बन्धी अभियान स्कूल स्कूलहरूमा केन्द्रीत गरी सञ्चालन गर्ने। यस अन्तर्गत चेतना अभिबृद्धि गर्ने हिसाबले विद्यार्थी बिच बक्तृत्व कला, चित्रकला, कथा, कविता प्रवचन, हाजिरीजवाफ, आदि जस्ता प्रतियोगिता आयोजना गर्न सकिन्छ।

ग. बालबालिकाका लागि मुटुरोग बारे परिचयात्मक कार्यक्रम पटक पटक राख्ने।

घ. जिल्ला स्थित अस्पताल मार्फत Penicillin Injection दिन लगाउने एवं पेनिसिलिन चक्की औषधी वितरणको व्यवस्था गर्ने।

ङ. जिल्ला आफैले अथवा केन्द्रसँगको सहकार्यमा बालबालिकाको मुटु परीक्षण गर्ने।

च. बाथ मुटुरोग अन्त्य अभियान (End RHD Campaign)सँग सहकार्य गर्ने। यसका लागि प्रदेश, जिल्ला र इकाई स्तरीय बाथ मुटुरोग रोकथाम व्यवस्थापन समिति गठन गरी कार्यक्रम अगाडि बढाउने।

छ. यस बिषयमा तालिमको व्यवस्था गर्ने।

ज. बाथ मुटुरोग भएका बालकहरूको तथ्याङ्क संकलन गर्ने।

झ. बाथ मुटुरोग अनुसन्धान कोष (RHD Research Fund)मा रकम जुटाउन सहयोग गर्ने र यस कोषबाट लाभान्वित हुने लक्षित वर्गको खोजीमा सहयोग पुऱ्याउने।

ञ. स्थानीय रूपमा आफैले वा अरूसँग सहकार्य गरी गर्न सकिने अन्य कार्यहरू गर्ने।

ट. बाल मुटु बचाउ सन्देश सहित स्कूल स्कूलमा होडिङ बोर्ड व्यवस्था तथा अभिभावकहरूलाई सूचनामूलक पाम्प्लेट वितरण गर्ने।

**जन्मजात मुटुरोग रोकथाम कार्यक्रम**

बाल मुटु बचाऊ अन्तर्गत यो अर्को कार्यक्रम हो। यस कार्यक्रम अन्तर्गत गर्भवती महिलाहरूको स्वास्थ्य, पोषण, स्याहार सुसार, आदि सम्बन्धी जनचेतनाका कार्यक्रम पर्दछन्। यस मार्फत जन्मजात मुटुरोगी बच्चाहरू जन्मिने दर घटाउने तर्फ कार्यक्रम केन्द्रित छ।

क) जन्मनु अघिको बच्चाको मुटुलाई प्रतिकुल असर नपरोस् भनी गर्भवती महिलाको पेटमा रहेको बच्चाको मुटु स्वास्थलाई विशेष ध्यान दिने कार्यक्रम गर्ने।

ख) गर्भवती आमाले गर्भावस्थामा धुम्रपान, मद्यपान गर्नाले बच्चाको मुटुमा पर्न सक्ने प्रतिकूल प्रभाव बारे जनचेतना जगाउने।

ग) आमाको प्रतिकूल ब्यवहारले बच्चाको मुटुमा विभिन्न किसिमको रोग हुने सम्भावनाबारे जनचेतना जगाउने।

घ) गर्भवती महिलालाई स्वास्थ्य संस्थामा गई नियमित स्वास्थ्य परीक्षण गराउन प्रेरित गर्ने।

## ३.२: हृदयघात रोकथाम तथा नियन्त्रण कार्यक्रम

यो कार्यक्रम अन्तर्गत शाखाले निम्न कार्यहरू गर्न सक्दछः

क. रक्तचाप, मधुमेह, तौल, BMI, आदिको जाँच, स्थानीय पर्व/मेलाहरूमा रक्तचाप मापन, आदि जस्ता कार्यक्रम सञ्चालन गर्ने। यी कार्यक्रम गर्दा जिल्लाका अरू संघ संस्थाहरूसँग सहकार्य गर्न सकिनेछ। उच्च रक्तचाप, मधुमेह र कोलेष्ट्रोलको नियमित (६/६ महिनामा) जाँच गराउन र यदि रोग छ भने ढिला नगरी उपचार गर्न प्रोत्साहित गर्ने।

ख. मुटुमैत्री खाना सम्वन्धी जनचेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने र पत्रु खाना (जङ्कफूड) खानलाई निरूत्साहित गर्ने।

ग. धुम्रपान निषेध अभियान सञ्चालन गर्ने।

घ. विश्व मुटु दिवस लगायत धूम्रपानरहित, उच्च रक्तचाप, विश्व मधुमेह, आदि दिवसहरू मनाउने।

ङ. समय समयमा मुटुरोग निवारण सम्बन्धी ऱ्याली, बैठक, इत्यादी कार्यक्रम सञ्चालन गर्ने । अन्य उद्देश्यका ऱ्यालीहरूमा समेत सरिक भई मुटुरोगका बारेमा प्रचार गर्ने ।

च. स्थानीय पत्र पत्रिकामा मुटुरोग सम्बन्धी लेख, कथा, सत्य घटना, विज्ञापन, कविता आदि प्रकाशन गर्ने ।

छ. शाखाहरूले आफ्नै स्मारिका, पत्रिका, पुस्तिका, पम्प्लेट, गोजी पात्रो, क्यालेण्डर, पोष्टर, Flyer जस्ता जनचेतनामूलक सामग्री प्रकाशन गर्ने । ठांउ ठांउमा Hoarding Board राख्ने ।

ज. विज्ञहरूबाट प्रवचन, अन्तरक्रिया, गोष्ठी एवं परिचयात्मक कार्यक्रम गर्ने । यस्तो कार्य अन्य संस्थाहरूसँग मिलेर पनि गर्न सकिन्छ ।

झ. स्वच्छ तथा निरोगी मुटु सम्बन्धी स्थानिय FM रेडियो तथा टेलिभिजनबाट प्रचार तथा प्रसार गर्ने । रेडियो सम्वाद, TV बाट सूचनामूलक भिडियो, सन्देश, अन्तवार्ता प्रसारण गर्ने ।

ञ. शारीरिक व्यायामका लागि कमसेकम आधा घण्टाको दैनिक हिंडाई तथा योग्याभ्यासमा प्रेरित गर्ने, ध्यान गर्न सिकाउने ।

ट. शाखाहरूले श्रोत व्यक्ति जुटाई आफैले वा अरूसँगको सहकार्यमा मुटुरोग बारे तालिम सञ्चालन गर्ने ।

ठ. आफैले वा अरूसँग मिली स्वास्थ्य शिविर सञ्चालन गर्ने ।

ड. मुटु स्वास्थ सेवा क्लिनिकको व्यवस्था गरी त्यहाँबाट स्वास्थ्य परीक्षण र क्रमशः ECG, Echo, Pathology जस्ता सेवा उपलब्ध गराउने (यस सम्बन्धमा केही सुझावहरू यसै साथ संलग्न छन्) ।

ढ. स्कूलका विद्यार्थीहरूलाई रक्तचापमापन सम्बन्धी तालिम दिने ।

ण. स्थानीयस्तरमा सम्भव हुने अन्य कार्यहरू गर्ने ।

## ३.३: मुटुरोगी उपचार सहयोग कोष कार्यक्रम

शाखाहरूको एउटा प्राथमिक श्रोत सदस्यता शुल्क नै रहने गरेको छ । सदस्यता शुल्क तथा सदस्यताको किसिम विधानले व्यवस्था गरेको छ । सो सदस्यता शुल्क विधानको प्रावधान अनुसार केन्द्रमा पठाउनु पर्ने बाहेक जिल्ला शाखामा नै रहन्छ । तल उल्लेख गरिएका मध्ये शाखाले आफ्नो उपयुक्ततानुसार कार्यक्रम छनौट गर्न सक्नेछ ।

क) जिल्लास्तरीय मुटुरोग उपचार वा अन्य प्रकृतिको अक्षयकोषहरू स्थापना गरी बैंक वा वित्तिय संस्थामा जम्मा गर्ने र सो को ब्याज रकम मात्र खर्च गर्ने ।

ख) जिल्ला शाखाहरूले प्रादेशिक एवं स्थानीय सरकारहरूसँग समन्वय गरी उनीहरूले शिक्षा, स्वास्थ्य आदिका लागि छुट्याएका बजेट अन्तर्गत नै सहकार्य गर्न प्रयत्न गर्ने ।

ग) असक्त मुटुरोगीहरूलाई आफ्नो अक्षयकोषबाट वा/र अन्य निकाय (स्थानीय सरकार, गैर सरकारी, सामाजिक संस्था) सँग समन्वय गरी सक्दो सहयोग प्रदान गर्ने ।

घ) सकिन्छ भने असहाय मुटुरोगीहरूलाई शल्यक्रिया पश्चात् औषधी सेवनका लागि आफ्नै तर्फबाट वा अन्यत्रबाट निशुल्क सहयोग जुटाइदिने ।

ङ) केन्द्रमा रहेको मुटुरोगी उपचार सहयोग कोषको सदुपयोग गर्ने ।

## ३.४: मुटुरोगी पुनर्स्थापन कार्यक्रम

मुटुरोगको व्यवस्थापन औषधी उपचार अथवा शल्यक्रियाबाट गरिन्छ । यसरी उपचार पछि पुनर्जन्म भएको ठान्ने व्यक्तिहरू पनि धेरै हुन्छन् । केहि समय पछी एक्लोपनको कारणले आफुलाई मनोवैज्ञानिक असुरक्षा महसुश हुन्छ । यस्तो अवस्थाले मुटुरोगबाट निको भएका व्यक्तिहरूलाई हांस्ने र भेटघाट गर्ने थलोको व्यवस्था हुनु अत्यन्त आवश्यक छ । यस्तो भेटघाटको अवस्थामा आफआफ्नो अनुभवको साटासाट तथा बिशेषज्ञ डाक्टरबाट महिनाको एक चोटी रोग एवं स्वस्थ दिनचर्या सम्बन्धी परामर्शको व्यवस्था भएमा पुनर्स्थापन कार्यक्रम उपयोगी हुनेछ ।

प्रतिष्ठानको ललितपुर शाखाले नेपाल हार्ट क्लबसँगको सहकार्यमा सञ्चालन गरिरहेको निम्न कार्यक्रमहरू मध्ये शाखाले पनि आफुले सञ्चालन गर्न सकिने कार्यक्रम छनोट गर्न सक्नेछः

- उपचारबाट निको भएका व्यक्तिहरूको भेटघाट थलो (क्लब) को व्यवस्था गरिदिने ।
- योगाभ्यास कार्यक्रम सञ्चालन गर्ने/गराउने
- आहार विहार सम्बन्धी सरसल्लाह तथा अनुभवको आदान प्रदान गर्ने ।
- मासिक रूपमा विज्ञहरूबाट जनचेतनामूलक प्रवचन गर्ने ।
- जीवनशैली व्यवस्थापन क्लिनिक सञ्चालन गर्ने ।
- चुरोट, सुर्ती त्याग्ने उपाय बारे विज्ञको परामर्श सेवा सञ्चालन गर्ने ।
- मानसिक तनाव व्यवस्थापन सेवा सञ्चालन गर्ने ।
- मुटुरोगीका लागि व्यायामशाला स्थापना र सञ्चालन गर्ने ।

### ३.५ महिला मुटुरोग सचेतना कार्यक्रमः

क) महिलाहरूको मुटुलाई ध्यानमा राखी मुटु परीक्षण लगायत अन्य विशेष कार्यक्रम सञ्चालन गर्ने ।

ख) गृहिणी महिलाहरूको स्वास्थ्यमा विशेष ध्यान दिने कार्यक्रम सञ्चालन गर्ने ।

ग) मुटुमैत्री खाना तथा तयार गर्ने विधी बारे तालिमको व्यवस्था गर्ने ।

घ) पुरूष र महिलामा हुने मुटुरोगका लक्षण आदिका भिन्नता बारे जनचेतना जागरण गर्ने ।

ङ) महिलाहरूलाई मुटु स्वास्थ्य बारे सचेत गराउने ।

### ३.६. जिल्ला शाखाबाट सीमित साधन श्रोत प्रयोग गरि विशेषज्ञ चिकित्सक विना गर्न सकिने कार्यक्रमहरूः

१ सूचना मुलक पाम्प्लेट छपाई तथा वितरण गर्ने ।

२ स्कूलभित्र र सार्वजनिक स्थानमा जनचेतनामूलक होर्डिङ बोर्ड राख्ने ।

३ अडियो/भिडियो सामग्रीको प्रयोग र प्रचार प्रसार गर्ने । केन्द्रसँग भएको सामग्री प्रयोग गर्ने ।

४ विश्व मुटु दिवसमा ऱ्यालीको कार्यक्रम गर्ने ।

५ मुटुरोग सम्बन्धी अन्तरक्रिया कार्यक्रम गर्ने ।

६ स्कूल स्कूलमा स्वास्थ्यकर्मीबाट टन्सिलाइटिस जाँच गरी उपचार गर्न परामर्श दिने ।

७ जिल्लामा रहेका बाथ मुटुरोगी बच्चाहरूको लगत तयार गर्ने तथा सोको विवरण केन्द्रलाई उपलब्ध गराउने

८ जिल्लामा पेनिसिलिन औषधि उपलब्ध गराउने ।

९ स्थानीय सरकारसँग सहकार्य गरी मुटुसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

१० कक्षा ११ र १२ का विद्यार्थीहरूलाई रक्तचाप मापन सम्बन्धी तालिमको व्यवस्था गर्ने ।

११ मुटुरोग/Tonsillitis सम्बन्धी Clinic को व्यवस्था गर्ने ।

१२ शाखाका सदस्य तथा अन्य इच्छुक व्यक्तिहरूको BP, तौल, सुगर, स्वास्थ्य परीक्षण प्रत्येक हप्ता वा कम्तीमा महिनाको एकपल्ट शाखा कार्यालयमा गर्ने व्यवस्था मिलाउने । यि विवरणहरू प्रत्येक व्यक्तिको 'My Health Card' मा वा रजिष्टरमा अध्यावधिक गरेर राख्ने ।

१३ कार्यक्रम सञ्चालन गर्न कोषको व्यवस्था गर्ने, आदि ।

नोटः मुटु सुरक्षा बारे जनचेतना जगाउनका लागि उपयोगी प्रचार प्रसार सामग्री र 'My Health Card' को नमूना केन्द्रीय कार्यालयमा उपलब्ध छन् । आफै सम्पर्क गरी मागेर लिने ।

## ३.७ जिल्ला शाखाबाट वार्षिक कार्यक्रम तयार गर्ने ढाँचा

**वार्षिक कार्यक्रम** **आर्थिक वर्ष**

| विषय | लक्ष इकाई | श्रोत | | कार्यान्वयन तालिका (त्रैमासिकमा) | | | | सहकार्य संस्था | लक्ष प्राप्ती | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आन्तरिक | वाह्य | १ | २ | ३ | ४ | | | |
| २. **हृदयघात रोकथाम तथा नियन्त्रण कार्यक्रम**<br>● रक्तचाप/मधुमेह/BMI/आदिको जाँच ।<br>● मुटुमैत्री खाना सम्वन्धी जनचेतना अभिबृद्धि कार्यक्रम ।<br>● धुम्रपान निषेध सम्बन्धी अभियान ।<br>● स्वच्छ तथा निरोगी मुटु सम्बन्धी स्थानीय रेडियोबाट प्रचार तथा प्रसार ।<br>● पर्व/मेलाहरूमा रक्तचाप मापन कार्यक्रम सञ्चालन गर्ने ।<br>● रक्तचाप मापन सम्बन्धी स्कूलका विद्यार्थीहरूलाई तालिमको व्यवस्था<br>● मुटुरोग सम्बन्धी स्कूल स्कूलहरूमा जनचेतनामूलक प्रवचनको व्यवस्था<br>● समय समयमा मुटुरोग निवारण सम्बन्धी ऱ्याली, बैठक इत्यादि कार्यक्रम गर्ने<br>● शारीरिक व्यायाम कमसेकम आधा घण्टाको दैनीक हिंडाई तथा योग्याभ्यासमा प्रेरित गर्ने<br>● मुटु स्वास्थ सेवा क्लिनिकको व्यवस्था (यस सम्बन्धी प्रकृया यसै साथ संलग्न छ)<br>● अन्य कार्यहरू | | | | | | | | | | |
| १. **बाल मुटु बचाउ कार्यक्रमः**<br>क) बालबालिकाहरूलाई घाँटीको संक्रमण हुँदा उपचार गराउनु पर्छ भन्ने चेतनामूलक सामग्रीको प्रकाशन/वितरण<br>● पर्चा/पम्प्लेट<br>● क्यालेन्डर/फ्लेक्स्<br>● होर्डिङ बोर्ड<br>ख) स्थानीय एफ.एम वा टेलिभिजनबाट जनचेतनामूलक सामग्रीको प्रसारण ।<br>ग) Heart screening of School Children<br>● Screening गरेको संख्या | | | | | | | | | | |

| विषय | लक्ष इकाई | श्रोत | | कार्यान्वयन तालिका (त्रैमासिकमा) | | | | सहकार्य संस्था | लक्ष प्राप्ती | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आन्तरिक | वाह्य | १ | २ | ३ | ४ | | | |
| • औषधी उपचार गरेको संख्या<br>• शल्यक्रिया गराएको संख्या<br>घ) स्वास्थ्यकर्मीको तालिम<br>• तालिम दिइएको स्वास्थ्यकर्मीको संख्या<br>ङ) जिल्लामा पेनिसिलिन सूई/चक्की उपलब्ध गराएको<br>च) बाथ मुटुरोगीको तथ्याङ्क संकलन गरेको संख्या ।<br>छ) End RHD Campaign सँग सहकार्य ।<br>ज) RHD Research Fund मा कोष वृद्धिका लागि जम्मा गरेको रकम<br>झ) आमाको प्रतिकूल व्यवहारले बच्चाको मुटुमा रोग हुने सम्भावना बारे जनचेतना जगाउने | | | | | | | | | | |
| **२. मुटुरोगी उपचार अक्षयकोष स्थापना र सञ्चालन**<br>क) अक्षय कोषको स्थापना ।<br>• रकम<br>ख) आफ्नै कोषबाट आर्थिक सहयोग उपलब्ध गराएको<br>• बिरामी संख्या<br>• जम्मा रकम<br>ग) अन्य निकायहरू मार्फत सहयोग जुटाई सहयोग पुऱ्याएको ।<br>• बिरामी संख्या<br>• जम्मा रकम<br>घ) अन्य | | | | | | | | | | |
| **३. मुटुरोगी पुनर्स्थापना कार्यक्रम**<br>• मुटुरोगी भेटघाट गर्ने थलोको व्यवस्था (क्लबको स्थापना)<br>• योग अभ्यास कार्यक्रम<br>• मुटुरोगीहरू बिच सरसल्लाह/अनुभव आदान प्रदान गर्ने<br>• जनचेतना मूलक प्रवचन/अन्तरक्रिया ।<br>• अन्य । | | | | | | | | | | |

| विषय | लक्ष इकाई | श्रोत | | कार्यान्वयन तालिका (त्रैमासिकमा) | | | | सहकार्य संस्था | लक्ष प्राप्ती | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आन्तरिक | वाह्य | १ | २ | ३ | ४ | | | |
| **४. महिला मुटुरोग सचेतना कार्यक्रम:**<br>क) महिलाहरूको मुटु परीक्षण शिविर सञ्चालन<br>ख) महिला मुटुरोग जनचेतनामूलक सामग्री प्रकाशन र वितरण<br>• पर्चा/पम्प्लेट<br>• क्यालेन्डर/फ्लेक्स्<br>• होर्डिङ बोर्ड<br>ग) अन्तरक्रिया कार्यक्रम<br>घ) महिलाहरूको बैठक, ऱ्याली<br>ङ) मुटुमैत्री खाना पकाउने तालिम<br>च) आमाको प्रतिकूल व्यवहारले बच्चाको मुटुमा विभिन्न किसिमको रोग हुने सम्भावना बारे जनचेतना जगाउने ।<br>छ) गर्भवति महिलालाई स्वास्थ्य संस्थामा गई परीक्षण गराउन प्रोत्साहन गरेको । | | | | | | | | | | |

उल्लेखित राष्ट्रिय कार्यक्रम अन्तरगत कार्यक्रम निर्धारण गर्ने । जिल्लाको क्षमताले गर्ने कार्यक्रमलाई योजनाबद्व तरिकाले अगाडि बढाउने ।

**जिल्लाबाट न्यून जनशक्ति तथा आयश्रोतबाट तुरन्त सञ्चालन हुन सक्ने निम्न कार्यक्रमहरू रहेका छन् :**

| बिषय | लक्ष इकाई | श्रोत | | कार्यान्वयन तालिका (त्रैमासिकमा) | | | | सहकार्य संस्था | लक्ष्य प्राप्ती | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आन्तरिक | वाह्य | १ | २ | ३ | ४ | | | |
| **१. जिल्ला शाखाबाट तुरून्तै गर्न सकिने कार्यक्रमहरू:**<br>• सूचना मूलक पाम्प्लेट छपाई तथा वितरण<br>• स्कूलभित्र होर्डिङ बोर्ड राख्ने ।<br>• अडियो/भिडियो सामग्रीको प्रसारण ।<br>• विश्व मुटु दिवसमा ऱ्यालिको कार्यक्रम ।<br>• मुटुरोग सम्बन्धी अन्तरक्रिया कार्यक्रम । | | | | | | | | | | |

| बिषय | लक्ष इकाई | श्रोत | | कार्यान्वयन तालिका (त्रैमासिकमा) | | | | सहकार्य संस्था | लक्ष्य प्राप्ती | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आन्तरिक | वाह्य | १ | २ | ३ | ४ | | | |
| • स्कूल स्कूलमा टन्सिलाइटिस जाँच र उपचार सल्लाह दिने । <br> • जिल्लामा रहेका बाथ मुटुरोगीको लगत तयार गर्ने तथा सोको विवरण केन्द्रमा उपलब्ध गराउने । <br> • जिल्लामा पेनिसिलिन सूई र चक्की औषधि उपलब्ध गराउने । <br> • स्थानीय सरकारसँग सहकार्य गरी मुटुसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने । | | | | | | | | | | |
| • कक्षा ११ र १२ का विद्यार्थीहरूलाई रक्तचाप नाप्ने तालिम सञ्चालन गर्ने । <br> • हप्ता वा महिनामा एक पल्ट सबै सदस्यहरूको रक्तचाप/मधुमेह/तौल जाच्ने र यसको रेकर्ड राख्ने । यसको व्यवस्था संस्थाको अफिसमा मिलाउने । <br> • बै सदस्यहरू तथा अन्य व्यक्तिहरूलाई My Health Card वितरण गर्ने । यसमा भएको विवरण अधावधिक गर्न सहयोग गर्ने । My Health Card को नमुना केन्द्रबाट उपलब्ध हुनेछ । <br> • कार्यक्रम सञ्चालन गर्न कोषको व्यवस्था गर्ने । | | | | | | | | | | |

## भाग - ४: शाखालाई सक्रिय गराउन आवश्यक पूर्वतयारी तथा श्रोत परिचालन विधि

कुनै पनि संस्थालाई सक्रिय बनाउने कार्यमा त्यस संस्थामा प्रतिवद्ध रहेका समाजसेवीको भूमिका महत्वपूर्ण हुन्छ। मुटुरोग निवारणको क्षेत्रमा काम गर्न चाहने व्यक्तिहरू मिलेर स्थापना गरिएको यो संस्थाका शाखाहरू सक्रिय हुन केहि पूर्व तयारी गरिनु पर्दछ। जस्तै:

क) सदस्यता वृद्धि र स्तरोन्नति

ख) प्रतिवद्ध सदस्यहरूको समूह निर्माण

ग) आवश्यक सम्पर्क स्थानको व्यवस्था

घ) स्थायी क्रियाकलापको खाका तयारी

ङ) क्रियाकलाप सञ्चालन गर्ने स्थान पहिचान।

च) कार्यक्रम नियमित रूपमा सञ्चालन गर्नु।

छ) समय समयमा समीक्षा गर्नु।

यी माथि लेखिएका पूर्व तयारीलाई पूरा गर्दै जांदा शाखामा एउटा मुटु परीक्षण क्लिनिकको आवश्यकता महसुश हुनु स्वभाविक हुन्छ। क्लिनिक सञ्चालनका लागि आवश्यक सरोकारवाला पहिचान गर्नु पर्दछ। सरोकारवाला निम्न बमोजिम हुन सक्दछन्।

- जिल्लामा सबभन्दा नजिकमा रहेका मुटु सम्बन्धी डाक्टर
- डाक्टरको समय
- डाक्टरलाई आवश्यक न्यूनतम सामाग्री र स्थान
- स्वयंसेवकहरू
- परीक्षण गराउन आउने सदस्य तथा जनसमुदाय

विगतका अनुभवले के देखाउछ भने डाक्टरबाट मुटु सम्बन्धी परीक्षण र प्राविधीक ज्ञान प्राप्त गर्न सकिन्छ। मुटुको चाल परीक्षण, इको, इ.सि.जि आदिबाट पत्ता लागे पछि औषधी गर्ने काम मुटु सम्बन्धी डाक्टरले मात्र गर्ने कार्य हुन।

बिना डाक्टर पनि केही कार्य गर्न/गराउन सकिन्छ। उदाहरणको लागि भक्तपुर र हेटौंडा शाखाबाट गरिए झै BMI परीक्षण, Blood Pressure जाँच, सुगर जाँच, जस्ता सामान्य परीक्षण स्वास्थ्य परिचारिकाबाट पनि गर्न गराउन सकिन्छ। त्यसको लागि निश्चित स्थानमा निश्चित समयमा सेवा प्रदान गर्ने व्यवस्था मिलाउन आवश्यक हुन्छ। अन्य क्रियाकलाप प्रचार प्रसार तथा जनचेतना जगाउने कार्य शाखाका पदाधिकारीबाटै पनि हुन सक्दछ। यसका लागि समय भने खर्चनु पर्दछ।

### ४.१ पूर्ण रूपमा मुटु परीक्षण क्लिनिक स्थापना गर्ने :

यो कार्य गर्नका लागि डाक्टर (मुटु सम्बन्धी) सक्रिय पदाधिकारी र अन्य सदस्यको प्रतिवद्धता चाहिन्छ। प्रतिवद्ध भै सके पछि आवश्यक सामग्री जुटाउन तर्फ लाग्नु पर्दछ।

इसीजीलाई धेरै पर्दैन। यो जुटाउन, सौजन्यता खोजी गर्न पनि सकिन्छ। सो नभएमा आपसमा सल्लाह गरी आय भए पछि फिर्ता गर्ने गरी किन्न सकिन्छ। एक/डेढ लाख पर्ला अहिलेको बजार भाउमा। यसमा लाग्ने कागज पनि खासै महंगो छैन, इसीजी मेशिन प्रयोग भई परीक्षण गर्दा सहुलियत दर रू.२५०।- (दुई सय पचास) सम्म लिने गरिन्छ। यसमा संस्थालाई ६०% र डाक्टरलाई ४०% दिने गरी मिलाउन सकिन्छ।

सामान्य परीक्षणमा सहुलियत दर रू.३००।- (तीन सय) देखि ४००।- (चार सय) सम्ममा लिने गर्न सकिन्छ। त्यसमा डाक्टरलाई ८०% र २०% संस्थालाई लिएका अनुभव छन्।

**क) डाक्टरको स्टेथेस्कोप:**

मुटुको चाल परीक्षणका लागि यो उपकरण चाहिन्छ । यो प्राय डाक्टरहरू सित हुन्छ । पछि क्लिनिकको अवस्था राम्रो भए पछि किन्न पनि सकिन्छ ।

**ख) तौल लिने मेशिन:**

मानिसको उच्चाई अनुसार हुनु पर्ने अधिकतम तौल पत्ता लगाउन तौल लिने मेशिन आवश्यकता पर्दछ । यो मशिनलाई खास धेरै रकम नपर्ने हुदां किन्न सकिन्छ ।

**ग) ईको मेशिन:**

यो उपकरण खरिद गर्न निकै रकम लाग्ने हुन्छ । यसका लागि सामान्य क्लिनिक स्थापित भैसके पछि मात्र प्रयास गर्नु पर्दछ । यसको मूल्य कति पर्दछ  बुझ्नु पर्दछ । राम्रो कम्पनी को ३०-४० लाख पर्न सक्दछ । यत्रो रकम उठाउन विभिन्न संस्थाको सहयोग लिन सकिन्छ । कतैबाट सहयोग नजुटेमा सबै सदस्यहरूले सहभागी भएर रकम उठाउने र सहयोग जुटेपछि थोरै ब्याज सहित सापटी फिर्ता दिने व्यवस्था गर्न सकिन्छ । डाक्टर सित ईको (पोर्टेवल) भएमा रू. १,००० सहुलियत दर चार्ज भए ८० डाक्टरलाई र २० संस्थालाई राख्ने व्यवस्था मिलाउनु पर्दछ । शाखाले खरीद गरेको भए ४०० डाक्टर र ६०० शाखाले लिने गरी व्यवस्था मिलाउन सकिन्छ ।

**घ) Lab परीक्षण व्यवस्था:**

ल्याबको व्यवस्था शाखाले मिलाउन गाह्रो हुने हुदां कुनै ल्याब स्थापना गर्न चाहने व्यक्ति सित सहकार्य गरी स्थान उपलब्ध गराउने र सो बापत २५ प्रतिशत–३० प्रतिशतसम्म संस्थामा बुझाउने व्यवस्था मिलाउन सकिन्छ ।

नेपाल हृदयरोग निवारण प्रतिष्ठानका शाखाहरूले सञ्चालन गरेका क्लिनिकहरूको शुरू शुरूका दिनमा सबैको दयनीय अवस्था थियो । डाक्टरलाई टिकाई राख्न वा पर्खाउनका लागि सदस्यहरू आफैले परीक्षण गराउने गर्दथे । पछि क्रमश: अन्य सर्वसाधारण र सदस्य तथा सदस्यका परिवारको परीक्षण कार्य बढ्दै गयो । सदस्यहरू तथा परिवारलाई प्रतिष्ठानले केही छुट दिने गर्दछन् । यसबाट पनि सेवाग्राही सङ्ख्या बढेको पाइन्छ ।

शाखाले विधान अनुसार बनाएका सदस्यबाट प्राप्त सदस्यता शुल्क र सेवा प्रदान गरे वापत सहुलियत सेवा शुल्क सहयोगका रूपमा लिने हो । यो रकम शाखाहरूले विधान बमोजिमका उद्देश्य पूरा गर्न र सेवामुखी कार्यक्रम सञ्चालन गर्न मात्र खर्च गर्न सकिन्छ । यसबाट सामाजिक स्वयंसेवीले कुनै सुविधा लिन हुदैन भन्ने कुरा स्पस्ट छ । प्रतिष्ठानको बिकास क्रममा यसमा योगदान दिने व्यक्तिहरूको कमी हुदैन भन्ने कुरा हालसम्मको अनुभवले देखाएको छ । यो प्रतिष्ठान प्राविधिक र गैर प्राविधिक समाजसेवीको संयुक्त प्रयासबाट बिकास भएको हुंदा दुवै थरिको प्रयासले मात्र अगाडि बढ्न सक्ने कुरा मनन गर्नै पर्दछ ।

# भाग ५: आर्थिक व्यवस्थापन तथा लेखा सम्बन्धी

## ५.१: आर्थिक व्यवस्थापन :

नेपाल हृदयरोग निवारण संस्थाबाट गरिने हरेक आर्थिक क्रियाकलापलाई सहभागितामूलक, पारदर्शी र मितव्ययी बनाउने उद्देश्यले केन्द्रदेखि इकाईसम्मका सबै समितिहरूले आफ्नो आर्थिक व्यवस्थापनको कार्य गर्नेछन । यसका लागि प्रत्येक तहको कार्यसमिति जिम्मेवार हुनेछन् र आफ्नो जिम्मेवारी सही ढंगबाट बहन भए नभएको यकिन गर्ने अनुगमनको परिपाटि समेत बसाल्नु पर्दछ ।

आर्थिक व्यवस्थापनका बिभिन्न क्षेत्रहरूका आवश्यकताका बारेमा तल उल्लेख गरिएको छ :

### क) बजेट अनुमान

कार्यसमितिले आफ्नो शाखा । इकाईको माथि भाग ३ मा उल्लेखित राष्ट्रिय कार्यक्रमको छनोटका साथ साथै अन्य नियमित कार्यक्रम र प्रशासनिक कार्यहरूको एक आर्थिक बर्षको अनुमानित आय व्यय तयार गर्नुपर्दछ । सो अनुसार वार्षिक बजेट अनुमान गर्दा हालको मूल्य र उपलब्धी हासिल गर्न खोजेको लक्षयलाई आधार मानी अनुमानित बजेट बनाउनु पर्दछ । सो प्रयोजनका लागि निम्नानुसारको ढाँचा प्रयोग गर्न सकिन्छ:

१) आय अनुमान

| सि.नं. | कार्यक्रमको विवरण | सङ्ख्या | इकाई मूल्य | यसबर्ष रकम रू. | गतबर्ष रू. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय कार्यक्रम | | | | | |
| | | | | | | |
| | | | | | | |
| २. | नियमित तथा अन्य कार्यक्रम | | | | | |
| | | | | | | |
| | | | | | | |
| ३. | सदस्यता शुल्क | | | | | |
| | | | | | | |
| | | | | | | |
| ४ | उपकरण प्रयोगबाट आम्दानी | | | | | |
| | | | | | | |
| ५ | ब्याज आम्दानी | | | | | |
| | | | | | | |
| ६. | सरकारी निकायबाट सहयोग | | | | | |
| | | | | | | |
| ७. | अन्य संघ संस्था तथा व्यक्तिबाट प्राप्त चन्दा, सहयोग | | | | | |
| | | | | | | |
| ८ | अन्य आम्दानी | | | | | |
| | | | | | | |
| | **जम्मा आम्दानी रू.** | | | | | |

२) व्यय अनुमान

क) चालु खर्च

| सि.नं. | कार्यक्रमको विवरण | सङ्ख्या | इकाई मूल्य | यसबर्ष रकम रू. | गतबर्ष रू. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय कार्यक्रम खर्च | | | | | |
| | | | | | | |
| | | | | | | |
| २. | नियमित तथा अन्य कार्यक्रम खर्च | | | | | |

| सि.नं. | कार्यक्रमको विवरण | सङ्ख्या | इकाई मूल्य | यसबर्ष रकम रू. | गतबर्ष रू. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| ३. | प्रशासनिक खर्च | | | | | |
| *क* | *तलब भत्ता* | | | | | |
| *ख* | *घर तथा अन्य भाडा* | | | | | |
| *ग* | *कार्यालय सञ्चालन खर्च* | | | | | |
| *घ* | *उपकरण मर्मत सम्भार* | | | | | |
| *ङ०* | *प्रचार प्रसार छपाई खर्च* | | | | | |
| *च* | *लेखापरीक्षण शुल्क* | | | | | |
| *छ* | *तिरो, कर तथा अन्य दस्तुर* | | | | | |
| *ज* | *साधारण सभा, बैठक खर्च* | | | | | |
| *झ* | *बिबिध खर्च* | | | | | |
| | | | | | | |
| | **जम्मा चालु खर्च रू.** | | | | | |

कुल बचत वा (न्यून) (जम्मा आम्दानीबाट जम्मा चालु खर्च घटाउने)

ख) पूंजीगत खर्च

जग्गा खरीद

भवन निर्माण

सवारी साधन खरीद

स्वास्थ्य तथा अफिस उपकरण खरीद

### ख) बजेट अनुगमन

पारित वार्षिक बजेटको आवधिक (जस्तैः चौमासिक) समिक्षा कार्यसमितिको बैठकमा गर्नुपर्दछ । बजेट भन्दा १० प्रतिशत भन्दा बढि वा कम भएको शीर्षकको आम्दानी खर्चको पुष्टयाई समेत खोली कार्यसमितिको बैठकबाट बजेट रकमान्तर गर्ने परिपाटि बसाल्नु पर्दछ । वार्षिक बजेट र यथार्थ आय व्ययको विवरण वार्षिक साधारण सभामा पेश गरी बढी खर्च भएको रकम अनुमोदन गराउनु पर्दछ ।

## <u>५.२ः लेखांकन पद्धति एवं लेखापरीक्षण</u>

### क) लेखांकन प्रकृया

शाखा तथा इकाईले आफ्नो कारोबारको लेखांकनलाई अचित ढंगबाट व्यवस्थापन गर्न तल दिइएको ढाँचामा नगद प्राप्ति तथा भुक्तानीका आधारमा हिसाब किताब दुरूस्त राख्नु पर्नेछ । कुनैपनि कारोबारको भौचर उठाई तोकिएको शीर्षकमा समितिका अध्यक्षको स्वीकृति पश्चात नगद बैंक खातामा प्रबृष्टि गरेर प्रत्येक महिनाको जम्मा आम्दानी खर्च जोड गरेर बांकी रकम मौज्दात गणना गरी बैंक तथा नगदमा भएको रकमसँग भिडान गर्नुपर्नेछ ।

*आम्दानी तर्फ*

| सि.नं | मिति | विवरण | भौचर नं. | बैक जम्मा | नगद जम्मा | राष्ट्रिय कार्यक्रम | नियमित कार्यक्रम | सदस्यता शुल्क | उपकरण शुल्क | ब्याज आम्दानी | सरकारी सहयोग | अन्य सहयोग | अन्य आम्दानी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | यो महिनाको जोड | | | | | | | | | | | |
| | | अ.ल्या | | | | | | | | | | | |
| | | यो महिनासम्मको जोड | | | | | | | | | | | |

*खर्च तर्फ*

| सि.नं | मिति | विवरण | भौचर नं. | बैक खर्च | नगद खर्च | राष्ट्रिय कार्यक्रम | अन्य नियमित कार्यक्रम | प्रशासनिक खर्च | अचल सम्पत्ति |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | यो महिनाको जोड | | | | | | | |
| | | अ.ल्या | | | | | | | |
| | | यो महिनासम्मको जोड | | | | | | | |

बैंक मौज्दात:

नगद मौज्दात:

**ख) प्रतिवेदन प्रस्तुती**

प्रत्येक शाखाले केन्द्रमा र प्रत्येक इकाईले शाखामा आफ्नो कारोबारको चौमासिक आर्थिक प्रतिवेदन तल दिइएको ढाँचामा अवधि सकिएको एक महिनाभित्र पठाउनु पर्दछ ।

**नेपाल हृदयरोग निवारण प्रतिष्ठान**

**........................ शाखा । इकाई**

**.................. (ठेगाना)**

मिति ....................................... देखि मिति .................................. सम्मको आर्थिक विवरण

**श्रोतको प्राप्ति**

| **आम्दानीको विवरण** | **अघिल्लो अवधिसम्म (क)** | **यस अवधिको (ख)** | **यस अवधिसम्म रू. (क+ख)** |
|---|---|---|---|
| राष्ट्रिय कार्यक्रमको लागि प्राप्त | | | |
| नियमित तथा अन्य कार्यक्रमको लागि प्राप्त | | | |
| सदस्यता शुल्क | | | |
| उपकरण प्रयोगबाट आम्दानी | | | |
| ब्याज आम्दानी | | | |
| सरकारी निकायबाट सहयोगप्राप्त | | | |
| अन्य संघ संस्था तथा व्यक्तिबाट प्राप्त चन्दा, सहयोग | | | |
| अन्य श्रोतबाट आय | | | |
| सापटि | | | |
| **जम्मा आयको श्रोत रू.** | | | |

**श्रोतको प्रयोग**

| **प्रयोगको विवरण** | **अघिल्लो अवधिसम्म (क)** | **यस अवधिको (ख)** | **यस अवधिसम्म रू. (क+ख)** |
|---|---|---|---|
| राष्ट्रिय कार्यक्रमको लागि खर्च | | | |
| क) | | | |
| ख) | | | |
| नियमित तथा अन्य कार्यक्रमको लागि खर्च | | | |
| क) | | | |
| ख) | | | |
| प्रशासनिक खर्च | | | |
| *क) तलब भत्ता* | | | |
| *ख) घर तथा अन्य भाडा* | | | |
| *ग) कार्यालय सञ्चालन खर्च* | | | |
| *घ) उपकरण मर्मत सम्भार* | | | |
| *ङ) प्रचार प्रसार छपाई खर्च* | | | |

| प्रयोगको विवरण | अघिल्लो अवधिसम्म (क) | यस अवधिको (ख) | यस अवधिसम्म रू. (क+ख) |
|---|---|---|---|
| *च) लेखापरीक्षण शुल्क* | | | |
| *छ) तिरो, कर तथा अन्य दस्तुर* | | | |
| *ज) साधारण सभा, बैठक खर्च* | | | |
| *झ) बिबिध खर्च* | | | |
| अचल सम्पत्ति | | | |
| *क) जग्गा* | | | |
| *ख) भवन* | | | |
| *ग) सवारी साधन* | | | |
| *घ) उपकरण* | | | |
| **जम्मा श्रोतको उपयोग रू.** | | | |

बांकि रकम (जम्मा श्रोत घटाइ जम्मा उपयोग)

नगद मौज्दात

बैंक मौज्दात

सापटि बांकि (लिन बांकि)-

सापटि बांकि (दिन बांकि)-

________________ ________________ ________________

कोषाध्यक्षको सहि | सचिवको सहि | अध्यक्षको सहि

### ग) सम्पत्ति लेखांकन

प्रत्येक शाखा वा इकाईले आफूमातहतका (खरीद गरेको वा अन्यबाट प्राप्त गरेको) सम्पूर्ण अचल सम्पत्तिको श्रोत, मूल्य, पहिचान नम्बर, इकाई रहेको स्थान समेत उल्लेख भएको एउटा अचल सम्पत्ति खाता अध्यावधिक गरी राख्नु पर्दछ। साथै, कम्तीमा पनि बर्षको एकचोटि उक्त रेकर्डमा रहेको सम्पत्तिहरूको भौतिक परीक्षण गरी रेकर्डसँग भिडान र ती सम्पत्तिहरूको अवस्थाको प्रतिवेदन गरी भिन्नताको विश्लेषण र मर्मत वा बिक्रीको बारेमा कार्यसमितिमा छलफल गरी उचित निर्णय लिनु पर्दछ। साथै, सम्पत्ति खातामा उल्लेख गरिएको पहिचान नम्बर (श्रोत समेत खुल्ने गरी) सम्बन्धित सम्पत्तिमा समेत कोडिंग गर्नुपर्दछ।

### घ) लेखापरीक्षण

साधारण सभाबाट नियुक्त भएको लेखापरीक्षकबाट शाखा तथा इकाईले आफ्नो वार्षिक कारोवार तथा आर्थिक विवरणको लेखापरीक्षण गराउने दायित्व सम्बन्धित शाखा वा इकाई समितिको हुनेछ। प्रत्येक आ.ब. समाप्त भएको २ महिनाभित्र लेखापरीक्षण सम्पन्न गरी सोको एकप्रति केन्द्रीय कार्यालयमा आश्विन महिनाको पहिलो हप्ताभित्र पठाउनु पर्दछ। लेखापरीक्षणबाट देखिएका बेरूजुहरू सम्परीक्षण गराई नियमित गराउने काम सम्बन्धित कार्यसमितिको हुनेछ।